# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०५।२८ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादीहरु बबिता कुमारी देवी, राजेश्वर प्रसाद चौरसियासमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः-

- **प्रतिवादी बबिता कुमारी देवीले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिँदा निजलाई नपाएको ओहदा पाएको भनि शिक्षकको रुपमा कार्य गरेको उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ को कसुरमा सोही ऐनको दफा १५ बमोजिम सजाय गरी नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याएको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा विगो रु. १,१८,८५०।-(एक लाख अठार हजार आठ सय पचास) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को दफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय गरी हानी नोक्सानी भएको विगो ऐ. ऐनको १७ बमोजिम विगो असुल उपर हुन,
- **प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुर गरेको पुष्टि हुन आएकोले निज राजेश्वर प्रसाद चौरसिया उपर नेपाल सरकारलाई हानि पुऱ्याएको विगो रु. १,१८,८५०।-(एक लाख अठार हजार आठ सय पचास) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय गरी नेपाल सरकारलाई हानि नोक्सानी पुगेको विगो ऐ. ऐनको दफा १७ बमोजिम असुलउपर हुन,
- **प्रतिवादी हकिम अन्सारीले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा मतियार हुने कार्य कसूर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी हकिम अन्सारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम रु. १,१८,८५०।-(एक लाख अठार हजार आठ सय पचास) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन

मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

विशेष अदालतको मिति २०८०/०९/२२ को फैसलाबाट निम्न आधारहरू लिई उक्त आरोपमा आंशिक कसूर ठहर भएकोः-

- प्रतिवादी बबिता कुमारी देवीको हकमा कुनै प्रतिवादीले पनि निजको नियुक्ति भएको भनी जीकिर गर्न नसकेको। बबिता कुमारी देवी स्वयंले नियुक्ति प्राप्त शिक्षक भनी दाबी गरेको अवस्था नभई प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले निजलाई कामकाज गर्दै गर्नु कागजात पछि ल्याईदिउँला भनी भनेको हुँदा निजकै मौखिक आदेशानुसार काम गरेको भनी बयान गरेकोले निज बविता देवी आफैले नपाएको शिक्षक पद पाएको भनी सुविधा प्राप्त गरेको भन्न मिलेन।
- प्रतिवादी बबिता कुमारी देवीलाई विना नियुक्ति बहाल गर्ने गराउने र तलव भत्ता वापत रु. १,१८,८५०।-बुझ्ने बुझाउने कार्यमा प्रतिवादी हकीम अन्सारीको संलग्नता रहेको भन्न मिलेन।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०५।२७ मा पुनरावेदन गरिएको छः-

**देहायः**

क) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ को प्रावधान हेर्दा *"कुनै राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिले आफुले नपाएको ओहदा, अधिकार, हैसियत वा सुविधा पाएँ भनी वा कुनै राष्ट्रसेवकको ओहदा, अधिकार, हैसितय वा सुविधा प्रयोग गरेमा वा नपाएको ओहदा सम्बन्धि चिन्ह, पोशाक वा निस्सा देखाएमा राष्ट्रसेवकको ओहदासम्बन्धी चिन्ह, पोशाक वा निस्सा हो भन्ने अरुले विश्वास गरोस् भन्ने मनासायले त्यस्तो चिन्ह, पोशाक वा निस्सा हस्तो देखिने कुनै कुरा लगाएमा वा देखाएमा निजलाई कसूरको मात्रा अनुसार सजाय हुने"* भन्ने व्यवस्था रहेको। प्रतिवादी बविता कुमारी देवीले आफु कुनै शिक्षकको पदमा नियुक्ति प्राप्त नगरेको यथार्थ जान्दा जान्दै शिक्षा शाखाका शिक्षा अधिकृत राजेश्वर प्रसाद चौरसियाको आदेशमा विद्यालयका प्रधानाध्यापक हकिम अन्सारीले नियुक्ति गरि निजहरुको मिलेमतोमा जनसेवा प्रा.वि. जगरनाथपुर सिरामा मिति २०७५।३।२० देखि प्रा.वि. शिक्षकको रुपमा २०७५।९।१५ सम्म आफुले नपाएको ओहदामा कार्यरत रही सो बापत रु १,१८,८५०।- बुझिलिइएको समेत देखिदा सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटीपुर्ण रहेको।

ख) अदालतले फैसला गर्दा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा(१) को खण्ड (घ) बमोजिम छ महिना कैद सजाय गर्दा जरिवाना समेत ऐ.ऐनको दफा ३ को उपदफा(१) र सोही उपदफा(१) को खण्ड (घ) बमोजिम जरिवाना गर्नु पर्नेमा सो नगरी जरिवानाको हकमा रु. ५९,४२५/- मात्र गरेको देखिँदा फैसलामा एकरुपता नरहेको देखिएको अवस्थामा प्रतिवादी राजेश्वर प्रसाद चौरासियालाई आरोप मागदावी भन्दा फरक हुने गरी गरेको फैसला त्रुटिपुर्ण रहेको।

ग) **प्रतिवादी हकिम अन्सारीले** राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिका निर्वाह गरेको प्रतिवादी बविता कुमारी देवीले अनुसन्धान अधिकारी समक्ष गरेको वयान कागजबाट देखिएबाट प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम कसुर कायम गरी सजाय गर्नुपर्नेमा सो नगरी प्रतिवादी हकिम अन्सारीलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

प्रवक्ता
नरहरि घिमिरे

**देहायः**

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्र. बविता कुमारी देवि, राजेश्वर प्रसाद चौरासिया र हकिम अन्सारी** (वि.अ. को मु.नं. ०७६-**CR**-००९०), वि.अ. को फैसला मिति २०८०।०९।२२) | **नपाएको पद पाएको भनि शिक्षक नियुक्ती भई तलव भत्ता समेत भुक्तानी गरी नेपाल सरकारलाई हानि नोक्सानी पुर्याई भ्रष्टाचार गरेको** | प्रतिवादी बबिता कुमारी देवीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिँदा निज बबिता कुमारी देवीलाई नपाएको ओहदा पाएको भनि शिक्षकको रुपमा कार्य गरेको उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ को कसुरमा सोही ऐनको दफा १५ बमोजिम सजाय गरी नेपाल सरकारलाई हानी नोक्सानी पुर्याएको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा विगो रु. १,१८,८५०।- (एक लाख अठार हजार आठ सय पचास) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को दफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजायँ गरी हानी नोक्सानी भएको विगो रु. १,१८,८५०।(एकलाख अठार हजार आठ सय पचास) ऐ. ऐनको १७ बमोजिम विगो असुल उपर हुन माग दावी लिईएको, प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुर गरेको पुष्टि हुन आएकोले निज राजेश्वर प्रसाद चौरसिया उपर नेपाल सरकारलाई हानि पुर्याएको विगो रु. १,१८,८५०।– (एक लाख अठार हजार आठ सय पचास) कायम गरी भ्रष्टाचार | **फैसलाः**<br>**प्रतिवादीहरु बविता कुमारी देवि र राजेश्वर प्रसाद चौरासियाको** मिलोमतोमा प्रतिवादी बबिता कुमारी देवीले तलब भत्ता वापत रु.१.१८८५०/- भुक्तानी लिई बदनियतपूर्वक नेपाल सरकारको हानि नोक्सानी पु-याएको देखिन आयो।निज प्रतिवादीहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ विपरीत कसूर गरेको देखिन आएकोले सोही दफा बमोजिम दुवै प्रतिवादीहरुबाट जनही बिगो रु.५९.४२५/- असुल गरी दफा १७ र दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जनही जरिबाना रु. ५९,४२५/- र उपदफा (१) को खण्ड (घ) बमोजिम जनही ६ (छ) महिना कैदको सजाय हुने समेत ठहर्छ।**अर्का प्रतिवादी हकिम अन्सारीले मतियारको** भूमिका निर्वाह गरेको तथ्य सबुत प्रमाणबाट पुष्टि हुन नभएकोले निजका हकमा आरोप दाबी पुग्न नसक्ने ठहर्छ भनी मिति २०८०/०९/२२ मा फैसला भएको देखिन्छ।<br>**विशेष अदालत काठमाडौंले फैसला गर्दा निम्न आधार ग्रहण गरेको देखिन्छः**<br>क. प्रतिवादी बबिता कुमारी देवीले बयान गर्दा नै आफूलाई राजेश्वर प्रसाद चौरासियाले काम गर्दै गर्नुहोस्, म पछि नियुक्ति दिलाउला भनी भनेको हुँदा विश्वासमा परी काम गरेको हुँ काम गरे बापतको रकम बुझी लिएको छु भनी लेखाएको पाईन्छ भने अन्य कुनै प्रतिवादीले पनि निजको नियुक्ति भएको भनी जीकिर गर्न सकेको पाईंदैन। बबिता कुमारी देवी स्वयंले नियुक्ति प्राप्त शिक्षक भनी दाबी गरेको अवस्था नभई प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले निजलाई कामकाज गर्दै गर्नु कागजात पछि ल्याईदिउँला भनी भनेको हुँदा निजकै मौखिक आदेशानुसार काम गरेको भनी बयान गरेको देखिन्छ भने प्रधानाध्यापक हकीम अन्सारीले पनि निज राजेश्वर प्रसाद चौरसियाकै आदेशानुसार काम काज गरी तलवभत्ता भुक्तानी दिएको भनी लेखाएको पाईन्छ। यसबाट निज बविता देवी आफैले नपाएको शिक्षक पद पाएको भनी सुविधा प्राप्त गरेको भन्न मिलेन ।<br>ख. प्रतिवादी हकीम अन्सारी स्वयंले पनि नक्कली नियुक्ति पत्र सरुवा पत्र पेस गरी तलव भत्त बुझी भ्रष्टाचार गरेको भन्ने अभियोगमा यसै लगाउमा रहेको ०७६-CR-००८५ मुद्दामा ठहर भैसकेको छ । उक्त मुद्दामा यीनै प्रतिवादी | **क.** प्रतिवादी बबिता कुमारी देवीको नियुक्ति पत्र सरुवा पत्र आदि केही नभएको र तलब भत्ता समेत बापत रु १,१८,८५०।–बुझिलिइको भन्ने तथ्यमा विवाद नरहेको तथा निज प्रतिवादी बबिता कुमारी देवीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ विपरीतको कसूरमा बिगो रु.५९.४२५/- असुल गरी दफा १७ र दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिबाना रु. ५९, ४२५/- र उपदफा (१) को खण्ड (घ) बमोजिम जनही ६ (छ) महिना कैदको सजाय समेत भएको देखिन्छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ को प्रावधान हेर्दा “ **कुनै राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिले आफुले नपाएको ओहदा, अधिकार, हैसियत वा सुविधा पाऐं भनी वा कुनै राष्ट्रसेवकको ओहदा, अधिकार, हैसितय वा सुविधा प्रयोग गरेमा वा नपाएको ओहदा सम्बन्धि चिन्ह, पोशाक वा निस्सा देखाएमा राष्ट्रसेवकको ओहदासम्बन्धी चिन्ह, पोशाक वा निस्सा हो भन्ने अरुले विश्वास गरोस् भन्ने मनासायले त्यस्तो चिन्ह, पोशाक वा निस्सा हस्तो देखिने कुनै कुरा लगाएमा वा देखाएमा निजलाई कसूरको मात्रा अनुसार सजाय हुने**” भन्ने व्यवस्था गरेको देखिन्छ। प्रतिवादी बविता कुमारी देवीले आफु कुनै शिक्षकको पदमा नियुक्ति प्राप्त नगरेको यथार्थ जान्दा जान्दै निज बबिता कुमारी देवीले जगरनाथपुर गाउँ कार्यपालिका शिक्षा शाखाका शिक्षा अधिकृत राजेश्वर प्रसाद चौरसियाको आदेशमा विद्यालयका प्रधानाध्यापक हकिम अन्सारीले नियुक्ति गरि निजहरुको मिलेमतोमा श्री जनसेवा प्रा.वि. जगरनाथपुर सिरामा मिति २०७५।३।२० देखि प्रा.वि. शिक्षकको रुपमा २०७५।९।१५ सम्म आफुले नपाएको **ओहदामा कार्यरत** रही सो बापत रु १,१८,८५०।–बुझिलिइएको समेत देखिदा देखिदै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिमको समेत कसूर गरेको स्पष्ट देखिएको अवस्थामा ऐ.ऐनको दफा १५ बमोजिम सजाय गर्नु पर्नेमा सो हदसम्म सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटीपुर्ण रहेको।<br>**ख.** प्रतिवादी राजेश्वर प्रसाद चौरसिया उपर नेपाल सरकारलाई हानि पुर्याएको विगो रु. १,१८,८५०।–(एक लाख अठार हजार आठ सय पचास) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय गरी नेपाल सरकारलाई हानि नोक्सानी पुगेको विगो रू. १,१८,८५०।–(एक लाख अठार हजार आठ सय पचास) ऐ. ऐनको दफा १७ बमोजिम असुल उपर हुन मागदावी लिई विशेष अदालतमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले फैसला गर्दा प्रतिवादी **राजेश्वर प्रसाद चौरासियालाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ विपरीत कसूर गरेको देखिन आएकोले सोही दफा बमोजिम जनही बिगो रु.५९.४२५/- असुल गरी दफा १७ र दफा ३ को उपदफा (१) बमोजिम जरिबाना रु. ५९, ४२५/- र उपदफा (१) को खण्ड (घ) बमोजिम जनही ६ (छ) महिना कैदको सजाय हुने ठहर्छ भनी फैसला गरेको देखिन्छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा(१) को खण्ड (घ) को प्रावधान हेर्दा **“एक लाख रुपयाँ भन्दा बढी पाँच लाख रुपयाँसम्म छ महिना देखी एक वर्ष छ महिना सम्म कैदको”** व्यवस्था गरेको देखिन्छ। विशेष अदालतले फैसला गर्दा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा(१) को खण्ड (घ) बमोजिम छ महिना कैद सजाय गर्दा जरिवाना समेत ऐ.ऐनको दफा ३ को उपदफा(१) र सोही उपदफा(१) को खण्ड (घ) बमोजिम जरिवाना गर्नु पर्नेमा सो नगरी जरिवानाको हकमा रु. ५९,४२५/- मात्र गरेको देखिंदा फैसलामा एकरुपता नरहेको स्पष्ट देखिएको अवस्थामा प्रतिवादी **राजेश्वर प्रसाद चौरासियालाई** आरोप मागदावी भन्दा फरक हुने गरी गरेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजायँ गरी नेपाल सरकारलाई हानि नोक्सानी पुगेको विगो रू. १,१८,८५०।– (एक लाख अठार हजार आठ सय पचास) ऐ. ऐनको दफा १७ बमोजिम असुलउपर हुन मागदावी लिईएको, प्रतिवादी हकिम अन्सारीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा मतियार हुने कार्य कसूर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी हकिम अन्सारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम रु. १,१८,८५०।– (एक लाख अठार हजार आठ सय पचास) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम **सजाय हुन** मागदावी लिईएको | राजेश्वर चौरसिया समेतको संलग्नता पुष्टि भैसकेको परिप्रेक्ष्यमा बविता कुमारी देवीले आफ्नो बयानमा लेखाए बमोजिम यिनै प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले नियुक्ति पत्र पछि बनाईदिन्छु भनेका आधारमा निजले तलव भत्ता बुझेको भन्ने तथ्यलाई अन्यथा भन्न सकिने अवस्था देखिंदैन । प्रतिवादी हकीम अन्सारीले पनि चौरासिया सरले दवाब दिएको हुँदा मैले शिक्षकलाई हाजिर गराएको हुँ भनी यस अदालतमा लेखाएको देखिँदा आफूलाई नै गलत तवरले नियुक्ति दिलाई लाभ गराएका प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको आदेश नमान्ने अवस्था देखिंदैन ।<br>ख. प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको कार्य जिम्मेवारी र हैसियत यो कसूरसँग सम्बन्धित नैं नरहेको अवस्था होईन । निजको जिल्ला शिक्षा कार्यालय सम्मको पहुँच, शिक्षकहरुको दरबन्दी र अभिलेख सम्मको पहुँच, पारिश्रमिकको सिफारिस गर्दा शिक्षकको नाम सहितको सूची बनाउनुपर्ने कर्तव्य भएकोमा नबनाई गोश्वारा रकमको सिफारिस गरेको अवस्था एवं यो मुद्दा र लगाउमा रहेका समग्र मुद्दाहरुको स्थिति मध्येनजर गर्दा प्रतिवादी बबिता कुमारी देवीलाई विना नियुक्ति बहाल गर्ने गराउने र तलव भत्ता वापत रु. १,१८,८५०। बुझ्ने बुझाउने कार्यमा निज बविता देवी र प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको संलग्नता देखिन आयो। प्रतिवादी हकीम अन्सारीको संलग्नता रहेको भन्न मिलेन । | फैसला त्रुटिपूर्ण रहेको।<br>**ग.** कुनै प्रमाण विना शिक्षक पदमा नियुक्ति गरी तलवभत्ता भुक्तान गर्नु आफैमा कानुन विपरितको कार्य हो। शिक्षिका बविता कुमारी देवीले अनुसन्धान अधिकारी समक्ष गरेको वयानमा वि.नि. राजेश्वर प्रसाद चौरसियाले आवश्यक कागजात मैले घरमै ल्याईदिन्छु भनि विद्यालयमा पठाएको र विद्यालयका प्रधानाध्यापक हकिम अन्सारीले सोही आधारमा नियुक्ति गरेको भनि खुलाई दिएको देखिन्छ। निज प्रतिवादी हकिम अन्सारीले शिक्षकको कुनै प्रमाण विनानै शिक्षकको रुपमा तलवभत्ता समेत भुक्तानी दिलाउन गैरकानूनी लाभ प्राप्त गर्न प्रतिवादी हकिम अन्सारीले जगरनाथपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (वि.नि.) राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिका निर्वाह गरेको प्रतिवादी बविता कुमारी देवीले अनुसन्धान अधिकारी समक्ष गरेको वयान कागजबाट देखिएबाट प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रतिवादी बविता कुमारी देवीले अनुसन्धानको बयानमा व्यक्त गरेको कुरालाई प्रमाणमा लिई आरोपदावी बमोजिम प्रतिवादी हकिम अन्सारीलाई कसुर कायम गरी सजाय गर्नुपर्नेमा सो नगरी प्रतिवादी हकिम अन्सारीलाई सफाइ दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण रहेको। |